# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (उनसाठिऔं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः- २०७७ असोज १६ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो।

## माननीय सभामुख –

माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाईहरु राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापा। समय ७ मिनट।

## माननीय सदस्य श्री कृष्ण बहादुर थापा –

माननीय सभामुख महोदय, आजको यो सम्मानित सभामा कतिपय त्यस्ता समस्याहरु छन। जो केन्द्र सरकार बिभिन्न निकायहरुबाट निर्णय हुँदा स्थानीय जनतालाई परेको समस्याको बारेमा यहाँ अबगत गराउन चाहान्छु। जुन समस्या मेरो निर्वाचन क्षेत्र पोखरा महानगरपालिका वडानं १७ स्थित दोविल्ला लगायतका जनताहरुलाई केहि समस्या परेको छ। साविक छिनेडाँडा गा.वि.स. वडान ६ हाल पोखरा महानगरपालिका वडानं १७ ढुङ्गे साँघु सितापाईला जग्गा बदर सम्वन्धि यथार्थ जानकारी यस सम्मानित सभामा गराउन चाहान्छु। २०३१ सालमा नापी नक्सा हुँदा कित्तानं १६३३को जग्गा क्षेत्रफल १५६ जग्गा फिल्ड बुकमा प्रति जनाइएको पाइयो। २ सोहि १५६ रोपनी जग्गा मध्ये ११९ रोपनी प्रति सार्वजनिक नै राखि ३६ रोपनी १४ आना १० पैसा आफ्नो जग्गा हक भोग दावि गरी साविक पोखरा ७ हाल पोखरा १७ बस्ने क्षेत्र

बहादुर रानाभाटको नाममा मिति २०३७/११/२ मा दर्ता गरि लालपुर्जा मालपोत कार्यालय कास्कीले चाँहि दिएको देखिन्छ।तत्कालिन अवस्थामा दर्ता हुँदा देखि हालसम्म जिवीत रहनु भएका ८५ बसन्त पार गरि सक्नु भएका जेष्ठ नागरिक हाल सम्म जिवितै हुनुहुन्छ उहाँहरुको भनाई अनुसार पनि सोहि दावि गरी दर्ता गरी सो जग्गा दावि गरि धान रोपि खाएको कुरा उहाँहरु बताउनुहुन्छ।दर्ता गर्दा के कस्ता प्रमाणहरु जग्गा दर्ता भयो र अन्य व्यक्तिहरुलाई थाहा हुने विषय भएन।२०३७ साल देखिबाट कित्तानं २५१९बाट विक्रि वितरण आएको र स्थानीयहरुले पनि सात आठ जना व्यक्तिले जग्गा किनबेच गरेको प्रष्ट देखिन्छ।हाल आएर जग्गादर्ता गर्दाको कागजपत्र खोजि गर्दा मालपोत कार्यालय कास्कीमा केहि रेकर्ड भेटिदैन किनभने मालपोत कार्यलय कास्कीले मिति २०७६/०६/०१मा आयोगलाई दर्ता मिसिल नभेटीएको भनि पत्र पठाएको देखिन्छ।सभामुख महोदय,जनताको घर जग्गा सुरक्षित राखि अभिलेख चुस्त दुरुस्त राख्ने जिम्मा मालपोत कार्यालयको हो कि होईन?मालपोतका कर्मचारीहरुले व्यक्तिगत स्वार्थलाई प्राथामिकता दिई रेकर्ड नराख्ने कागज पत्र च्यात्ने,उडाउने,लुकाउने कार्य गैरजिम्मेवार कार्य हो। यस्तो काम हुन पाउनु कहाँसम्मको लापरबाहि हो सो लापारबाहिको सजाय जनताले भोग्नु पर्दा न्याय हुन्छ कि हुदैन।मालपोत कार्यालय कास्कीले उक्त लापारवाही पुर्ण कार्यको हालको सरकारले सम्वेदनशिल भएर निर्णय लिनुपर्ने आवश्यकता देखिन्छ।सो सोचनिय र बहसको विषय भएको छ।सो जग्गा अपचलन हुनुपर्नेको कारण जव काठमाण्डौ वालुवाटार जग्गा प्रकरण शुरु भयो सार्वजनिक जग्गा गुठि जग्गा संरक्षण जाँचबुझ आयोग २०७६ को अध्यक्ष मोहन रमण भट्टराइको अध्यक्षतामा मिति २०७६/०२/०६ मा जाँचबुझ आयोगको गठन भयो।उहाँसग तत्कालिन मन्दिर समितिका अध्यक्ष दिपक आचार्यले नक्सा र सोहि जग्गा सार्वजनिक भएको पछि दर्ता भएको भनि उजुरी गरेको पाइयो सोहि आयोगले भुमि व्यवस्था तथा गरिवि निवारण मन्त्रालयबाट प्रतिवेदन बुझाईसकेपछि सोहि मन्त्रालयबाट मन्त्रीपरिषदमा पेश गरेको र मन्त्रिपरिषदबाट मिति २०७६/१०/०६ मा जग्गा बदर गर्नु पर्ने भन्ने निर्णय भएपछि

भुमिसुधार मन्त्रालयले २०७६/१०/१९ मा निर्णय कार्यान्वयन गर्नु भन्ने मालपोत कार्यलय कास्की लगायतका जिल्लालाई पत्राचार गरेको देखिन्छ। सरकारबाट विश्वास गरेका व्यक्तिहरुले तटस्थ भई सम्वन्धित फिल्डमा गई सरोकारवाला सँग अन्तरक्रिया गरि वास्ताविक कुरा बुझि कार्य गर्नुपर्नेमा फिल्डमा नै नगई जनताहरु जग्गाधनि सँग कुनै सरोकार नराखि व्यक्ति विशेषको भनाई र स्वार्थमा लागि सरकारलाई प्रतिवेदन दिनु कहाँसम्मको लापारवाही हो त्यो सोचनिय विषय भएको छ ।यस्तो सम्वेदनशिल विषयमा सरकारको निर्णय पुनरावलोकन गर्नु पर्ने देखिन्छ। सभामुख महोदय, दिर्घकालिन असर पर्ने यहि विषयमा वार्ड सरकार र सम्वन्धित पार्टिका जिम्मेवार व्यक्तिहरुलाई बिषयबस्तुको जानकारी गराउनु आयोगको अध्यक्षको कर्तब्य थियो कि थिएन भन्ने जानकारी दिनुपर्ने देखिन्छ। वार्ड कार्यालय पोखरा १७ र जनप्रतिनिधिले समेत सिफारिस दिएको कुरा बुझ्दा सदाशिव हरिहर मन्दिरको जग्गा संरक्षण भनि सिफारिस दिएको बुझिन आएको हुँदा जनप्रतिनिधिले के का आधारमा मन्दिरको जग्गा हो वा गुठिको जग्गा हो कति कित्तामा पर्दछ आदी सम्बेदनशिल कुरा बुझ्न जरुरी छ। सो जग्गा मन्दिरको पनि होईन गुठीको पनि होईन भन्ने प्रमाण २०३१ सालको नापीबाट देखिन्छ। सार्बजनिक १५६ रोपनि जग्गा मध्ये दावि जग्गा ३६ रोपनि १४ आना १० पैषा जग्गा दर्ता गरि ११९ रोपनि सार्बजनिक नै रहि आएको देखिन्छ सो जग्गा मन्दिरको कम्पाउण्ड भित्र एक रोपनि जग्गा पनि मन्दिरको देखिदैन। बाँकी रहेको ११९ रोपनि जग्गा मध्ये निम्न संघ संस्थाले भोग चलन गर्दै आएको देखिन्छ। सदासिबजि हरिहर मन्दिर, पोखरा बृद्धाआश्रम, सृजना बाल गृह, ढुङ्गे साँघु सापाईला आमा समुह, ढुङ्गे साँघु पर्यटन स्थल संरक्षण समिति, जानकि माध्यामिक विद्यालय कालजरुवा बन उपभोक्ता समिति सभामुख महोदय मैले खास यहाँ उठाउन खोजेको बिषय अहिले त्यो जग्गावालाहरु जसले लामो समय करिब करिब पैतिस चालिस बर्ष जग्गा उपभोग गर्दै आएका थिए। ति मोहिहरु एक खालको समस्यामा परेको देखिन्छ। यो बिषयको बारेमा सभामुख मार्फत सम्वन्धित हाम्रो मन्त्रालय हाम्रो निकायहरुले त्यसको चाँहि यथार्थ बुझि त्यसको चाँहि जानकारीहरु सार्वजनिक गर्ने र

सम्वन्धित जनताहरुलाई न्याय दिलाउनु हुन म सम्वन्धित निकायको ध्यानाकर्षण गर्न चाहान्छु। हस धन्यबाद।

**माननीय सभामुख** – माननीय सदस्य श्री बिष्णु प्रसाद लामिछाने समय ४ मिनट। त्यसपछि माननीय सदस्य पियारी थापा।

**माननीय सदस्य श्री बिष्णु प्रसाद लामिछाने** –

माननीय सभामुख महोदय, हालै आएको अविल बर्षाको कारण कावोसोति नगरपालिका वडानं १४ र १६ यस्तै हुम्सिकोट गाँउपालिकाका केहि वडा सिंचाई हुने अघौलि गिरुवारी सिंचाई योजना प्रभावित भएकोले बगाएको कुलो मर्मत गर्न आवश्यक व्यवस्था मिलाउन माननिय सभामुख ज्यू मार्फत सम्वन्धित मन्त्रालयको ध्यानाकर्षण गराउँदछु। सभामुख महोदय, नारायणि नदी नवलपुरवासीको लागि अवसर र चुनौति दुवै बनेको छ। त्यहि नारायणी नदीले त्यस क्षेत्रको निकै सम्भावना बोकेको छ भने बर्षातको समयमा बर्षेनि आउने बाढीको कारण धेरै भुभाग कटान गर्ने र नदी किनारका बिशेष गरि आर्थिक अवस्थाबाट अति विपन्न माझी मुसहर बस्तीहरु हरेक बर्ष बिस्थापित हुने परिस्थिति बनेको छ। अर्को तिर राष्ट्रको गौरवको रुपमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र त्यससँग सम्वन्धित मध्यवर्ति क्षेत्र पनि हाम्रो लागि अवसर र चुनौति दुवै बनेको छ। राष्ट्रिय निकुञ्जकै कारण चितवन तर्फको भुभागमा थुप्रिएको नदीजन्य पदार्थ निकाल्न नपाउने हुँदा नवलपुर तर्फको भुभाग गहिरिदै जाँदा बिस्तारै नदीको मुलधार बस्ती तिर सोझिदै गएको छ। यस्तै परिस्थिति बन्दै जाने हो भने केहि बर्षमै हाम्रो ठूलो भुभाग गुमाउनु पर्ने अवस्थालाई मध्यनजर गर्दै यसको दिर्घकालिन योजना बनाउन र कार्यान्वयन गर्न माननीय सभामुख ज्यू मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउँदछु। त्यसै गरि लामो सदियौं देखि बस्दै आएका माझी, मुसहर, बोटेहरु जो नदी किनारमा बस्छन। उनिहरुको पेशा भनेको माछा मार्ने हो। उनिहरु सँग एक धुर पनि जग्गा आफ्नो नाममा छैन। उनीहरुको पेशा भनेको माछा मार्ने, निउरो टिप्ने, तामा खोज्ने उनीहरुको पेशा नै त्यहि हो त्यहि बिक्रि गरेर उनिहरुले

जिवन यापन गर्दै आएको परिस्थिति हो तर यतिवेला के भएको छ भन्दा राष्ट्रिय निकुञ्जकै कारण उनीहरुले त्यो पेशा गर्न नपाएको परिस्थिति छ। उनिहरुले त्यो माछा मार्नको लागि लाइसेन्स प्राप्त गर्दथे अहिले केहिको लाइसेन्स बनेपनि केहिको लाइसेन्स नबनेको नविकरण नगरिएको भनेर त्यहाँको जनगुनासो आएको छ त्यसैले उनिहरुले आँफुले जिवन निर्वाहको लागि जे गर्दै आएका थिए त्यो नपाउने र बैकल्पिक रुपमा राज्यले पनि केहि अर्को व्यवस्था नगर्ने उनिहरु सँग जग्गा पनि छैन र बैकल्पिक अर्को व्यवस्था पनि नगर्दा त्यहाँका माझि, मुसहर,बोटेहरु बिचल्लिमा परेको परिस्थिति छ त्यसैले यसलाई पनि मध्यनजर गरेर या त ति माझी मुसहर बोटेलाई बैकल्पिक व्यवस्था गर्नु पर्यो होइन भने उनिहरुले पेशागत रुपमा परम्परा देखि गर्दै आएको पेशालाई त्यसलाई व्यवस्थित गरेर निकुञ्जलाई पनि नोक्सानी नहुने गरि त्यहाँका जलचरहरुलाई पनि अप्ठायारो नहुने गरि यि लोप हुन लागेका जलचरलाई संरक्षण पनि गर्ने गरि तिनीहरुलाई व्यवस्था गर्नको लागि म माननीय सभामुख ज्यू मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउदछु। धन्यबाद, जय नेपाल।

## माननीय सभामुख -

माननीय सदस्य श्री पियारी थापा समय ५ मिनट।

## माननीय सदस्य श्री पियारी थापा —

माननीय सभामुख महोदय, मुलुकभर अहिले ३ तहको सरकारको उपस्थिति छ। यो तिन तहको सरकारको कुरा गर्ने शैलि अत्यन्तै अब्बल छ भने काम गर्ने शैलि अत्यन्तै नाजुक अवस्थामा छ। मैले मिथ्याको आरोप लगाएर सरकारलाई आलोचना गर्नु पर्छ भन्ने मान्यता पनि राख्दिन तर मैले केहि यथार्थ र यो बस्तुपरक अवस्थामा मैले मध्यनजर गर्दै केहि आफ्ना भनाईहरु राख्ने अनुमति चाहान्छु। माननीय सभामुख महोदय, सरकारको सवै प्रकारको गतिविधि अत्यन्तै अस्वाभाविक छ। भ्रष्टाचार न्युनिकरण गर्ने सवालमा होस विकास निर्माण गर्ने सवालमा होस शुसासन कायम गर्ने र शान्ति सुव्यवस्था प्रत्याभुति गर्ने सन्दर्भमा अथवा पटक पटकको लगडाउन र बन्दा

बन्दी पछिको कोभिड नियन्त्रण गर्ने सन्दर्भमा फ्याँकेको सरकारको राम बाणको तिर भुक्त भएको छ। यसर्थ इतिहाँसकै बलियो सरकार सवैतिरबाट कमजोर भएको छ। आखिर यसको दोष कस कसले लिने हो। के सरकारको पदपुर्ति र व्यक्तिगत स्वार्थ परिपुर्ति गर्ने अफिम हो सत्ता? जवाफ दिनुपर्ने कि नपर्ने? महिला तथा बालबालिकाहरु आज दिन दिनै दर्जनौंको तादातमा संख्यामा आज पिडित हुनु परेको छ। यसको मुख्य जिम्मेवारी सरकार स्वंयमले लिन पर्ने कि नपर्ने खोई सुरक्षाको प्रत्याभुति दिलाएको। खोइ सरकारको अजङ्ग शरिरले सरकारको अजङ्ग शरिरले त्यो पुच्छर हल्लाउन आखिर किन सकिरहेको छैन। चुस्त, दुरुस्त प्रशासन खै निर्मला पन्तको हत्या त्सपछि सम्झना बि.क. बालिकाको बलत्कार पछि हत्या गर्ने जस्तो जघन्य अपराध न्यूनिकरण गर्ने र बालबालिकालाई सुरक्षित राख्न पनि नेपाली जनताले कुन लोकको सृजना गर्नुपर्ने हो? सभामुख महोदय, साँच्चिकै दण्ड हिनता मौलाएकै हो ? के हाम्रा छोरी चेलिहरुले कहिल्यै पनि सुरक्षित बन्न सक्तैनन? यस प्रति सरकारले क्षमा याचना गरि यथाशिघ्र रुपमा सुरक्षाको व्यवस्था दिलाउन लाग्न पर्ने कि नपर्ने ? प्रश्नहरु जटिल छन। यि जटिल प्रश्नहरु विषय भए पनि सरकारले यस तर्फ ध्यान दिएको खै ? हत्या बलात्कार जस्ता केसमा आजपनि समान्य प्रकारको कार्यशैलि छ। कतिपय विषयबस्तु त मिलेमतोमा गुपचुप पारिएको छ। सामान्य प्रकारको मिलापत्र बनाएर अपराधिलाई उन्मुक्ति दिएको छ। खै कडा कानून प्राबधानको कार्यान्वयन? यो खालको जघन्य अपराधलाई पनि सामान्य प्रकारको पेशिबाट काम चलाउने सुस्त न्यायको प्रारुप कहिले फेरिने हो? यस्ता जघन्य अपराधमा फास्ट ट्र्याक इजलासको आवश्यकता छ। पिडितलाई छिटो न्याय प्रदान गर्न खै यतातिर बहश भएको। सर्वोच्च अदालतको कार्य पद्धतिमा भैरहेको ढिलासुस्ति र अत्यन्तै विलम्वकारि कार्यशैलि सुधार्न संसद तथा सरकारको जोड पुगेन। फलत पिडित न्यायको विलौना गर्दै उठिवास हुने पिडक खुलेआम समाजमा सलबलाउन गइरहेको छ यसर्थ हत्या बलत्कार जस्ता जघन्य अपराधमा फास्ट ट्र्याक इजलासको व्यवस्था गर्न सरकारलाई दवाव दिने कि नदिने यसतर्फ बिशेष कानूनको निर्माण गर्न र उक्त कानूनको अक्षरस पालना गर्न

आजको सदनबाट मैले विशेष जोडदार अपिल गर्न चाहान्छु अनि यति ठूलो अपराधको शिलशिला मौलाउँदै जाँदा तेत्तिस प्रतिशतको रटान लगाउने हामी महिला माननीयहरुको मुख्य भुमिका खोज्नपर्ने दिन आएको छ। महिला तथा बालबालिकाहरु माथी भैरहेको चरम अत्याचारको मुद्दामा साझा मुद्दामा तैंचुप मैंचुप किन ? बहश शुरु भैसकेको छ तसर्थ यि साझा प्रकारका इस्युहरुमा सरकारलाई कानून कार्यान्वयन र हत्या बलात्कार जस्ता जगन्य अपराधको लागि पिडितलाइ छिटो न्याय र पिडकलाई शसक्त कानूनको माध्यमबाट कडा भन्दा कडा कार्बाहिको निमित्त शसक्त कानूनको निर्माणमा दवाव दिन महिला जनप्रतिनिधिहरु एक ठाँउमा उभिन आबहान गर्दछु। साथै तेत्तिस प्रतिशतको असली मक्सद प्रमाणित गर्न आवश्यक पनि छ नत्र गणपुरक संख्या पुर्याउनकै लागि मात्रै महिला सहभागिताको खास अर्थ रहदैन त्यसकारणले गर्दा यि र यस्ता बिषयमा हामी महिला माननीयहरु जनप्रतिनिधिहरु पनि एक भएर अगाडी बढेनका निम्ति बिशेष आजको सदनबाट बिशेष आवहान गर्न चाहान्छु, धन्यबाद।

## माननीय सभामुख –

माननीय सदस्य श्री राजिव पहारि समय ७ मिनट। त्यसपछि माननीय सदस्य श्री सरिता गुरुङ।

## माननीय सदस्य श्री राजिव पहारि —

माननीय सभामुख महोदय, केहि दिनदेखि परेको अविरल बर्षा जुन अहिले दुई दिन देखि पर्न छोडेको छ। यसले देशका विभिन्न भागहरुमा गएको बाढि पहिरोको कारणले ठूलो जनधनको क्षति भएको छ। बाढि पहिरोको प्रकोपबाट गण्डकी प्रदेशलाई पनि पूर्ण रुपमा प्रभावित बनाएको छ। बिशेष गरि बाग्लुङ्ग,म्याग्दी,कास्की लगायतका गण्डकी प्रदेशका एघारवटै जिल्लामा ठूलो असर पारेको छ। यसबाट कास्की जिल्ला त्यसमा पनि भौगोलिक हिसाबले कास्की जिल्लाकै विकट क्षेत्रको रुपमा रहेको कास्की क्षेत्रनं ३,२,मा पनि ठूलो असर परेको छ। जनको त क्षति भएको छैन, मान्छेको त मृत्यू हुन पुगेको छैन तर धन र मालसामान, घरको ठूलो क्षति भएको कारणले बस्नको लागि

सिंघो आकाशलाई छानो मानेर बस्नु परेको अवस्था छ।संघ सरकारले प्रदेश सरकारले जहाँ जनको क्षति भएको छ त्यहाँ केहि महत्वपूर्ण नगद सहितको सहयोग पनि भएको छ तर घरको क्षति भएको बारिको क्षति भएको ठाँउमा तत्कालै राहत जुन रुपमा पुग्नुपर्ने हो तो रुपमा पुग्न सकेको छैन भलै सिमित श्रोत साधनको कारणले हुन सक्छ र घट्ना घटि सकेपछि तत्कालै राहत पाउने खालको अवस्था सृजना गर्नुपर्यो सभामुख महोदय।मैले प्रसङ्ग कहाँको उठाउन खोजेको हो भने कास्की क्षेत्रनं ३,२पोखरा २२ को पुम्दिभुम्दिमा विभिन्न मितिमा परेको बर्षा र त्यसबाट भएको बाढि पहिरोले अयोध्या बराल, टोपलि पौडेल, राजु नेपाली, धनिराम वि.क. लगायतका एघार जना घर परिवारहरुको घर पुर्णरुपमा ध्वस्त भएको छ। त्यस्तै पोखरा ३० चापाकोटका विभिन्न ठाँउहरुमा पनि त्यहाँ धेरैको घरमा पूर्ण रुपमा क्षति भएको छ।त्यस्तै घान्द्रुक, लान्द्रुक,छुमरुङ,भदौरे, तमागि, दाङिसङ लगायत अन्नपूर्ण आधार शिविर भन्दा तल्लो भागमा पनि पहिरो गएर ठूलो क्षति भएको अवस्था छ।मैले यहाँ समयको पावन्दिले सवै विवरणहरु खुलाउन सकिन।अब यो जुन क्षति भएको ठाँउमा तुरुन्त हामीले तार जाली लगायत अन्य सामग्रीको व्यवस्था समयमा नै भइदिएको भए त्यो क्षति कम हुने थियो सभामुख महोदय।त्यसो भएर सभामुख महोदय यसको निम्ति संघ, प्रदेश र स्थानीय सरकारको बिच सहकार्य समन्वय गरेर र दैवि प्रकोपमा काम गर्ने संघ संस्था नेपाल रेडक्रस सोसाइटि लगायतका संघ संस्थाहरुसँग सहाकर्य समन्वय गरेर एउटा प्राकृतिक विपत्ति सम्वन्धि बरु हामीले एउटा स्वयंमसेवि दस्ता बनाएर हुन्छ कि टिम बनाएर के हुन्छ अलि छिटो क्विकमा त्यहाँ उद्दार गर्ने राहत वितरण गर्ने उद्दार गर्ने काममा गण्डकी प्रदेशमा एकदम छिटो भएको राम्रो भएको छ तर राहतको व्यवस्थापन गर्ने कुरामा सहज खालको बाटोबाट झन्झटिलो नीति नियम भन्दा पनि सहज खालको फास्ट ट्र्याकबाट गर्न पाए यो चाँहि एकदम राम्रो हुने थियो भन्ने मलाई लाग्छ ।सभामुख महोदय, अहिले खोला बस्तीमा पसेको होइन बस्ती नै खोलाको छेउछाउमा बसाल्ने कारणले यो समस्या प्रत्येक बर्ष बढ्दै गएको छ।यो बर्ष भलै बिगतको लामो समय पछाडि यो बर्ष धेरै पानी पर्यो पोर चाँहि पानी एकदम कम

पर्यो तर अहिले भने खोलाको छेउछाउमा खासगरी प्राकृतिक श्रोत साधनहरु खोला नदी नालाहरुलाई अतिक्रमण गर्ने चाँहि प्रबृति व्यापक रुपमा भएको कारणले प्राकृतिक श्रोत साधन व्यापक रुपमा दोहन गरेको कारणले यो समस्या आइरहेको छ। यो तर्फ पनि म सरकारको चाँहि गम्भिरतापुर्वक ध्यान आकृष्ट गर्न चाहन्छु र संघ प्रदेश स्थानीय सरकार मिलेर जस्तै यो खोलाको छेउछाउमा जहाँ बाढि पहिरो आएमा ठूलो क्षति हुने अवस्था छ अब यस्ताको बस्ती नयाँ ठाँउमा व्यवस्थापन गर्नको निम्ति पनि म चाँहि यो तिनवटै सरकार चाँहि मिलेर अगाडि बढ्नुपर्छ। यसमा प्रदेश सरकारले पहल लियोस भन्ने अनुरोध गर्न चाहान्छु। सभामुख महोदय, अहिले विकासको नाँउमा हामीले के गरेका छौं भने गाँउ गाँउमा डोजर पुर्याउने। डोजरले माटो खस्रने र कोतर्ने कामलाई विकास भनेर बुझिने र हामी पनि त्यहि काममा रमाएका छौं र नाला विनाको डोजरले माटो खर्सेर हिँउदमा गाडी जाने बाटो बनाउने बर्षादमा त्यहि पानी परेर डोजर खर्सेको ठाँउबाट माटो खसेर चाँहि बस्तीनै जोखिममा पर्ने खालको अवस्था भएको छ। जस्तै केहि समय अगाडि सराङ्गकोटमा पानि ठूलो पर्यो बाटो कच्ची थियो, धुलम्मे थियो नालाहरु थिएन अनि पानी ब्लक भएर बाढी पहिरो तल गएर बस्तीमा बगाएर त्यहाँ ठूलो जन धनको क्षति भएको छ। त्यसो भएर यो विषयमा सरकारले विशेष ध्यान दिइयोस हामीले हिउँदमा डोजर लगाउने अनि वर्षादमा बस्ती संरक्षण गर्ने भनेर रकम खर्च गर्दै जाँदा त्यसको त्यति धेरै यसमा कसरी हुन्छ विकासको मोडलको बारेमा पनि सोच बनोस र अन्तिममा सभामुख महोदय यो फेवाताल लगायतका प्राकृतिक श्रोत साधनको संरक्षण सम्वर्धनको निम्ति सर्वोच्च अदालतले प्रष्ट रुपमा फैसला पनि गरेको छ। अस्ति माननीय मुख्यमन्त्री पृथ्विसुव्वा गुरुङ पोखरा महानगरपालिकाका मेयर मान बहादुर जि.शी.लगायतको टिम गएर सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि फेवातालको सन्दर्भमा यति चाँहि जग्गा धनीलाई मुआब्जा यसरी दिनुपर्ने यो यो अधिग्रहण गर्नुपर्ने डिटेल रिपोर्ट पनि बुझाइसकेको अवस्था छ र अहिले त्यो हुँदा हुँदै पनि दिन दुईगुना रात चौगुनाको दरले फेवातालको वरपर पैंसठ्ठि मिटर होइन पाँच मिटर सात मिटरको आडमा घर टहराहरु बनाउने

काम भएको छ यसलाई यथासिघ्र रोक्नको निम्ति म सरकारको सम्वन्धित निकायको ध्यानाकृष्ट गराउँछु। धन्यबाद।

## माननीय सभामुख —

माननीय सदस्य श्री सरिता गुरुङ, समय ४ मिनट त्यसपछि माननीय सदस्य श्री मिना गुरुङ।

## माननीय सदस्य श्री सरिता गुरुङ-

माननीय सभामुख ज्यू, बर्तमान अवस्था विश्व महामारि चपेटामा परिरहेको छ।यसै सन्दर्भमा हालै भैरहेको अविरल बर्षाको कारणले गण्डकी प्रदेश लगायत देशको विभिन्न भागहरुमा मानविय र धन जनको क्षति पुर्याएको हामी सवैलाई जानकारी छ।माननीय सभामुख ज्यू, तनँहु जिल्लाको सदरमुकाम स्थित दमौलिवासीले फोहोरमैला व्यवस्थापन गर्ने स्थान हालै अविरल बर्षाको कारणले ल्याण्डफिल साइड मादी नदीले कटान गर्दा कोभिड १९ बाट बच्न पर्ने अवस्थामा बजारमा दुर्गन्धले बच्न कठिनाई भैरहेको छ हिडडुल गर्न अप्ठायारो भैरहेको छ।बजारको केहि घरहरुलाई मादि नदीले जोखिममा पुर्याइरहँदा जिल्ला स्थित सरोकारवालाहरुको पटक पटक बैठक बस्दा र जिल्ला विपद व्यवस्थापन समितिले मात्र यो खर्च धान्न मुश्किल पर्ने भएको हुदा यस प्रति प्रदेश सरकारको तत्काल गम्भिर ध्यान पुगोस भन्ने यस गरिमामय सदन मार्फत सभामुख मार्फत सम्वन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराउन चाहन्छु। धन्यबाद, जय नेपाल ।

## माननीय सभामुख —

माननीय सदस्य श्री मिना गुरुङ समय ७ मिनट त्यसपछि माननीय सदस्य श्री ललितकला गुरुङ।

### माननीय सदस्य श्री मिना गुरुङ —

धन्यबाद, माननीय सभुमख महोदय विरताको चिनो विरको सन्तान शहिदको रगत लाहुरेको निशानी अब हामीले कोर्नु छ युगको कहानी हामी नेपाली जन सवैलाई थाहा भएकै कुरा हो इतिहाँस साक्षी छ। विदेशी भुमिमा यो राष्ट्रको शिर उचो बनाउन राष्ट्रप्रेमी जनता गोर्खा भुतपूर्व शैनिकको भुमिका कथा ज्यादै महत्वपूर्ण रहेको छ। बिभिन्न बाध्यताले स्वदेशमा बस्ने इच्छुक हुँदाहुँदै पनि बैदेशिक रोजगारीमा जान बाध्य भएका हाम्रा नेपाली दाजुभाईहरु विर गोर्खालीको नामबाट आफ्ना विरताका गाथाहरु कोर्न सफल भएका छन। इमान्दार बहादुर राष्ट्रभक्ति बाट ओतप्रोत गोर्खालीहरुलाई समाजले राष्ट्रले सम्मान गर्नुपर्छ। आज विदेशी रणभुमिमा आफ्नो रगत पसिना बगाएर आर्जेका धन सम्पत्ति आफ्नै स्वदेशमा रेमिटेन्स गरि भित्राउने सोझा र सहनिल गोर्खालीहरुलाई राष्ट्रले अवसर पनि प्रदान गर्नुपर्छ। गोर्खा भुतपुर्व शैनिककै कारणले आज देशको ढुकुटि बलियो पनि भएको छ। ज्यानको बाजी लगाएर कमाएको पुँजीले स्वदेशमा ल्याएर धेरैलाइ रोजगारी प्रदान गरिरहेको छ। गोर्खा भुतपुर्वहरुको बृतान्त म आज छोटो समयमा व्यक्त गर्न असमर्थ छु माननीय सभामुख महोदय। शान्ति चाहाने गोर्खा भुतपुर्वहरु जहिले पनि आफ्नो शिपको बारेमा ठाँउठाँउमा बर्णन त आँफैले गर्नुपर्ने बाध्यता छ। त्यसैले गोर्खा भुतपुर्वहरुको बिभिन्न परिपक्व शिपलाई अब राष्ट्रले सम्मान गर्नुपर्छ। यो आवश्यक कुरा छ। माननीय सभामुख महोदय, धेरै योगदान गरिरहेका गोर्खालीहरु आफ्नो पन्ध्र वर्षदेखि तिस,पैंतिस बर्षको नोकरी सकेर स्वदेशमा जीवन विताउनको लागि राम्रो वातावरणको सृजना होस भन्ने चाहन्छ। यो सृजना हाम्रो सरकारले गर्न सक्नुपर्छ। असिमित अनुभवहरुको सिङ्गो रुप हुन हाम्रा गोर्खा भुतपुर्व शैनिकहरु आफ्नो लामो सेवा पश्चात उहाँहरुले पाउने पेन्सन उहाँहरुको सेवा पछिको अधिकार हो तर आज आफ्नो देशमा आएर नेकपाको सरकारले जेष्ठ नागरिक प्रति सम्मान शुरु गरेको बृद्ध भत्ता गोर्खा भुपुहरुको लागि नागरिक अधिकार हुन। जसको लागि अन्तयमा आफ्नो स्वदेश प्रति जीवनको उत्तरार्धमा गर्व गरेर बाँच्ने एउटा साहरा पनि हो त्यहि राष्ट्रको बृद्धहरुको सम्मानबाट गोर्खा भुपुहरु बञ्चित हुनु असमानताको खाडल गहिरिनु हो तसर्थ आज देश भित्र जेष्ठ

नागरिकलाई दिईने विभिन्न सुविधाहरु मध्ये दिइएको यो बृद्ध भत्ता गोर्खा भुपुहरुलाई न्याय गर्न सम्पुर्ण गोर्खालिहरु सम्पूर्ण परिवार साथै मेरो व्यक्तिगत तर्फबाट आज म सरकारलाई हार्दिक अपिल गर्न चाहान्छु।नेपाल सरकारले विदेशी सरकारबाट नियमित निवृतिभरण पाइरहेका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता नदिने निर्णय गरेको छ।यस निर्णयले वेलायति र भारतिय सेनाका वयोबृद्ध पुर्व गोर्खा शैनिकहरुले नेपाल सरकारबाट भत्ता नपाउने भएका छन।सरकारको यो निर्णयले नेपालको संविधानले ग्यारेन्टी गरेको मौलिक हकको सम्मानपुर्वक विना भेदभाव बाँच्न पाउने अधिकार समानताको हक,जेष्ठ नागरिकको हक,सामाजिक न्यायको हक तथा सामाजिक सुरक्षाको हक लगायत अन्य थुप्रै हकहरुलाई कुण्ठित गरेको छ माननीय सभामुख महोदय। यस प्रकारको निर्णयले जेष्ठ नागरिकको भावनामा चोट पुगेको छ भने भुतपुर्व गोर्खा सैनिक सँग आश्रीत परिवारलाई पनि यसको नकरात्मक असर परिरहेको छ।हाम्रो संविधान प्रदत हक माथी आघात पुर्याएको देखिन्छ।माननीय सभामुख महोदय,भनिन्छ छोटो कुराले धेरै कुराहरु वुझाउन सकिन्छ त्यसैले म समयको पावन्दि भित्र रहेर भन्न खोजेको कुरा पक्कै पनि आजको यो सम्मानित सभाबाट माननीय सभामुख ज्यूबाट सरकारलाई बुझाउन सफल भएको छु।त्यसैले अन्तिममा भन्न चाहान्छु हाम्रो गण्डकी प्रदेशमा पनि करिव एक लाखको हाराहारीमा रहेका गोर्खा भुतपुर्वको यो जुन किसिमको वृद्ध भत्ताको अधिकार छ यसलाई वञ्चित नगरिकन नेपाली नागरिक हुनुको गर्व गरेर आफ्नो स्वदेशमा अन्तिम क्षणमा बाँच्नको लागि त्यो अवसर प्रदान गरियोस भनि हार्दिक हार्दिक अनुरोध अपिल गर्दै अन्तयमा विदा हुन चाहन्छु। हवस त धन्यबाद।

**माननीय सभामुख —**

माननीय सदस्य श्री ललितकला गुरुङ समय ४ मिनट।

**माननीय सदस्य श्री ललितकला गुरुङ-**

माननीय सभामुख महोदय, हाम्रो गण्डकी प्रदेशमा जेष्ठको अन्तिम साता जेष्ठको ३१ गते पर्वतको कुनपा ३ दुर्लुङको ढकाल बारीबाट शुरु भएको बाढी पहिरो बाग्लुङ्ग फेरि पर्वत कास्की, स्याङ्गजा,लमजुङ्ग,गोर्खा हुदै गण्डकी प्रदेशमा ठुलो धन जनको क्षति र जति पनि बेपत्ता अझै हुनुहुन्छ।उहाँहरुको जुन मृतकको मृतक प्रति म भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दै वेपत्ताको सिघ्र खोजिको माग अनि उहाँहरुको शोकाकुल परिवार प्रति म हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र जति पनि विस्थापित हुनुहुन्छ र पिडित हुनुहुन्छ उहाँहरुको तुरुन्त उचित व्यवस्थापनको म माग गर्दछु त्यस्तै अहिले फैलिएको यो विश्व व्यापि महामारी कोभिड १९का कारण मृत्यूवरण गर्नु हुने सवै प्रति म हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहान्छु र आइसियु, भेन्टिलेटर, आइसुलेसन, क्वारेन्टाइनमा रहनु भएका जति पनि हुनुहन्छ उहाँहरुको म सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो महामारी छिट्टै हाम्रो देश नेपाल र विश्वबाट अन्त्य होस भनि म मुक्तिनाथ र पशुपतिनाथ सँग प्राथाना गर्न चाहन्छु। सभामुख महोदय, अहिलेको जनचाँसोको विषय बनिरहेको लिन्पियाधुरी लिपुलेक समेटिएको पाठ्यक्रमको बिषय छ। यसको वितरण सम्माननिय प्रधानमन्त्री केपी ओलि ज्यूबाट किन रोकियो? के यो सस्तो पपुलारिटि प्रचारवाजीका लागि मात्र गरिएको कुरा हो? म यसको जवाफ कारण सहित दिनकव लागि म सभामुख मार्फत प्रदेश सरकार हुँदै केन्द्रिय सरकार सँग माग गर्दछु।सभामुख महोदय, हिजो अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस पूर्व वक्ता माननीय ज्यूले भनिसक्नु भयो त्यस्तै विदेशी सरकारबाट प्राप्त गर्दै आउनु भएको निवृतिभरण पेन्सन नेपाली नागरिकहरुलाई नेपाल सरकारबाट प्राप्त सामाजिक सुरक्षा भत्ताको अधिकारबाट बञ्चित गर्ने गरि केन्द्रिय सरकारको गृह मन्त्रालयबाट गृह मन्त्रालयको निर्णय २०७७ असार १७ र स्थानीय सरकारलाई निर्देशन २०७७ असार १८ जुन निर्णय अन्यायपुर्ण छ यसलाई तुरुन्त खारेज गरी प्राप्त गर्दै आउनु भएको जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता र एकल महिला भत्तालाई निरन्तरता दिन जोडदार माग गर्दछु धन्यबाद, जयनेपाल।

चार महिना २६ को पत्र सहित प्राप्त प्रदेश सभा बाट पारित निम्न विधयकहरु मिति २०७७ ।५।८ गते माननीय प्रदेश प्रमुखज्युबाट प्रमाणीकरण भएकोले एक एक प्रति विधयक यसै साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

निम्नः

१, प्रदेश सभा सचिवालय संवन्धमा व्यवस्था गर्न बनेको विधयक,

२, प्रदेश विकास समिति संवन्धमा व्यवस्था गर्न बनेको विधयक ।

हरि प्रसाद बास्तोला

(सचिव)

अब म माननीय प्रदेश प्रमुखबाट यो प्रमाण्ीाकरण संवन्धि पत्र प्राप्त हुन आएको छ सो को व्यहोरा पनि म पढेर सुनाउँछु ।

मिति २०७७।५।१९ गते,

विषयः प्रमाणीकरण संवन्धमा ।

श्री प्रदेश सभा सचिवालय,

गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा त्यहाँको पं सं. २०७७।७८ च.नं. २९ मिति २०७७।५।१४ को पत्र सहित प्राप्त प्रदेश सभाबाट पारित गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन गर्ने संवन्धमा व्यवस्था गर्न बनेको विधयक मिति २०७७।५।१९ मा माननीय प्रदेश प्रमुखज्युबाट प्रमाणीकरण भएकोले एक प्रति विधयक यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

हरि प्रसाद बास्तोला

(सचिव)

माननीय सदस्यहरु, अब म माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई विभिन्न मितिका सभाको बैठकमा शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालयसँग संवन्धित विषयहरुमा संवोधन गर्न अनुमति दिन्छु ।

माननीय आन्तरीक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू,

माननीय सभामुख महोदय, माननीय सदस्यज्युहरुले विभिन्न मितिमा सभाको शुन्य र विशेष समयमा आन्तरीक मामिला तथा कानुन मन्त्रालयसंग संवन्धित विषय बारे उठाउनु भएको जिज्ञासा, प्रश्न र सुझाव समेतका बारेमा स्पष्ट पार्नको निम्ति म उपस्थित भएको छु । सर्वप्रथम म यो विपत्को घटना अर्थात विपत व्यवस्थापनसँग संवन्धित विषयहरु जानकारी गराउन चाहान्छु । हामीले यो विपत व्यवस्थापनको संर्दभमा विपतको घटना भन्दा अगाडि त्यसको तयारी चरण भनेर त्यसको तयारीको कामहरु गर्ने गर्छौं । यसै संर्दभमा गण्डकी प्रदेशमा हामीले यो विपत व्यवस्थापनको निम्ति यसको पूर्व तयारीको निम्ति नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी साथमा हाम्रो अनुसन्धान राष्ट्यि अनुसन्धान विभाग पनि यो चार वटै सुरक्षा अंगलाई हामी चार वटै सुरक्षा अंगको रुपमा लिन्छौ र चार वटै सुरक्षा अंगलाई परिचालित गर्ने गर्छौं । र यो सबै संयुक्त रुपमै परिचालित हुन्छ । र पनि कुन अगाडि कुन पछाडि बेला बखत अब हुन्छ नै सबैभन्दा पहिला नेपाल प्रहरी नै पुग्छ घटना स्थलमा र

त्यसपछि त्यसबाट संभव नभएको अवस्थामा अरु फोर्ससँग अरु शक्तिसँग सहयोग मागिन्छ । यसै संर्दभमा नेपाल प्रहरीले नेपाल प्रहरी मार्फत हामीले पुर्व तयारी कै संर्दभमा ११ वटै जिल्लामा यो क्यु.आर.टी. भन्छन कुइक रेस्पोन्स टीम यो ४८ वटा कुइक रेन्सपोन्स टीम बनाएका थियौ र त्यहाँ ७३० जना प्रहरी कर्मचारीहरु खटिएका थिए अथवा त्यसरी छुट्याइएको थियो । र सबै जिल्लामा नेपाल प्रहरी अर्थात प्रदेश प्रहरी मातहतका १८ वटा कार्यालयहरुबाट १८ जना सिनियर अधिकृतहरुलाई छुट्याएर तेलाई फोकल पर्सनको रुपमा यसरी १८ जना सिनियर प्रहरी अधिकृतहरुलाई फोकल पर्सनको रुपमा हामीले छुट्याथ्यौ । अब त्यसको लगाव त्यो सँगसँगै हामीसँग एउटा विपत व्यवस्थापनको निम्ति आवश्यक सामग्री राख्नको निम्ति यो पहिले बनेको हो यो प्रदेश सरकार आएपछि तेलाई जिम्मा लिएका हौ त्यो भन्दा अगाडि नै थियो त्यो गोदाम घर वा राउस भन्छौ हामी त्यहाँ आवश्यक सामग्रीहरु विपतको घटना घटिसके पछि के के आवश्यक पर्छन भन्ने संर्दभमा खासगरी टेन्टहरु, पालहरु, भाँडाकुडाहरु र केहि तत्काललाई सपोर्ट गर्ने खालको खाधान्नहरु र केहि लत्ता कपडाहरु पनि यसरी व्यवस्थापन गरेका थियौ । र अहिले पनि मैले रिपोर्ट त ल्याइन हामीले के गर्ने गर्थ्यौं अघिल्लो यस भन्दा अगाडि पनि जवाफ दिदा मैले यहाँ राख्ने गर्याथे हामीले के सम्म व्यवस्था गरेका छौ भने टेन्ट, पाल लगाएतका कुराहरुमा जिल्ला जिल्लामा नै केहि मौज्दात रहोस् घट्ना घटिहाल्छ घटना घटेपछि यता प्रदेशतिर पत्र लेख्नु पर्यो लिन जानु पर्यो आदि इत्यादि तिर लाग्नु भन्दा जिल्ला जिल्लामा नै केहि त्यस्ता सामग्रीहरु मौज्दात रहुन जिल्ला कै गोदाममा त्यसको व्यवस्था होस् भनेर त्यहाँ यदि अपुग छ मौज्दात घट्याछ भने माग्नुस् भनेर यसको व्यवस्था मिलाथ्यौ । अर्को कुरा मैले अगाडि पनि यो जानकारी गराथे सँग सँगै त्यहाँ राहत रकमै पनि वितरण गर्नुपर्ने हुन्छ त्यसको लागि हामीले पहिल्यै नै जिल्लामा राहत वितरण गर्नको निम्ति केहि निश्चित रकमहरु पहिल्यै नै पठाका थियौ यस संर्दभमा पनि मैले पहिल्यै नै जानकारी गराइसक्याछु । मनाङ र मुस्ताङमा २।२ लाख र अरु जिल्लामा १०।१० लाख हाम्ले पठाका थियौ । र यो पछिल्लो घटना

घटिसकेपछि खासगरी वाग्लुङमा घटना घटिसके पछि हामीले त्यहाँ जिल्लाले पनि माग्यो र हामीले थप ४० लाख रकम त्यहाँ पठाइसक्या छौ । त्यसरी नै म्याग्दीलाई पनि हामीले के भनिराछौ भने हामी पठाको त्यो १० लाखले पुग्दैन यसकारण आवश्यक रकम माग्नको निम्ति हाम्ले त्यहाँ निर्देशन गरिसक्याछौ । यसरी हामीले पुर्व तयारी गर्ने कुराहरु गर्ने गर्छौ । मैले यो विषयमा यहाँ जानकारी गराउन चाहे । र अब घटना त घट्यो घटनाको बारेमा आजै पनि राख्नु भो र विगत केहि दिन देखि यो शुन्य र विशेष समयमा माननीय सदस्यज्युहरुले विषयहरु उठाउन गरिराख्नु भएको छ म पहिला त्यसको केहि विवरण खास गरी यसमा मृत्यु र बेपत्ता भएको जिल्ला अनुसार नै म विवरण जानकारी गराउन चाहान्छु । यो कास्की जिल्लामा मृत्यु ११ जना, बेपत्ता छैन । लमजुङ मा ४ जना, यसमा नि बेपत्ता छैन । बेपत्ता जम्मा ५ जिल्लामा छन म यो भन्दै जान्छु । म्याग्दीमा मृत्यु चाहि ३१ जना, बेपत्ता ५ जना । स्याङ्जामा मृत्यु १५ जना, बेपत्ता १ जना भनियाछ यो १ जना यो यहाँ रेकर्डमा भा भएर मैले भनि हाले । त्यो १ जनालाई पनि हाम्ले मृत्यु घोषणा गरेर उहाँको परिवारले काजकिरिया नै थाल्नु भयो म आफै त्यहाँ पुग्याथे । र म आफैेले गएर त्यहाँ राहत बुझाउने काम गरे त्यसकारण यलाई पनि शुन्य मान्दा हुन्छ हामले जसलाई सव त फेला पर्या छैन तर त्यो संभव छैन भन्ने भ र परिवारले नै काजकिरिया गरिसक्नु भो । त्यसकारण यसलाई पनि बेपत्तामा राखिएन किनभने मृत्यु घोषणा गरेर त्यहाँ राहत दिइसकियो । तनहुँमा १३ जना, मुस्ताङमा १ जना, गोरखामा ३ जना र गोरखामा १ जना बेपत्ता छ त्यसको खोजी कार्य भइराखेको छ अझ सम्म पत्ता लागेको छैन । पर्वतमा १० जना, नवलपरासी पूर्वमा ३ जनाको मृत्यु छ र १ जना बेपत्ता, मनाङमा छैन र वाग्लुङमा ३६ जनाको मृत्यु र १६ जना बेपत्ता यसरी जम्मा १२७ जनाको मृत्यु र २४ जना बेपत्ता हुनु भएको छ अहिलेको यो विपत घटनाहरुबाट । विभिन्न जिल्लाहरुको स्थिति यो छ र यसमा घाइतेहरु सबै जिल्लाको गरेर यसमा यो घाइतेको खासगरी हस्पीटलमै अलि लामो समय नै उपचार गर्नुपर्ने गंभीर घाइतेहरु र यो घाइते भन्नेहरु अलिकति अलि गतिलो गरी पहिचान

नभाको मोटो मोटो रिपोर्ट आको मैले पाको छु । यस संवन्धमा मैले यहाँ सुनाउदैमा थाहा लाग्छ । तर पनि घाइते भनेर जिल्लाहरुबाट आको हुनाले मैले यहाँ सुनाउन चाहे । घाइतेमा कास्कीमा २४, लमजुङमा २४, म्याग्दीमा १३, स्याङजामा ११, तनहुँमा ९, मुस्ताङमा २, पर्वतमा ३, नवलपरासीपूर्वमा ६, मनाङमा छैन, वाग्लुङमा ८ गरेर १०० जना घाइते भएको रिपोर्ट छ । म विपतको घटनामा मृत्यु हुनु भएका यी सबै मृतकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । र बेपत्ताको खोजी जारी रहेको कुरा मैले अघि राखे । यो छिट्टै पत्ता लाग्ने छ र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसै सन्त्रदभमा यो घर क्षतिको कुरा अझै स्पष्ट बन्या छैन मैले यस सभामा सभामुख मार्फत सबै माननीयज्युहरुलाई पनि अनुरोध गर्न चाहान्छु । कि जिल्ला विपत व्यवस्थापन समितिले निर्णय गरेर पठाउन सकिराख्या छैन । जिल्ला विपत व्यवस्थापन समितिले यति घर क्षति हो मृत्युको त पठायो, बेपत्ताको नि पठायो, घाइतेको पनि अझ ठोस त वन्या छैन जे भएपनि अब त्यसको पनि मोटोरुपमा आको छ तर घर क्षतिको चाहि अलि मोटो मोटै छ । अब हामीले त्यहाँ गएर उहाँहरुको पुर्नस्थापनाको निम्ति उहाँहरुको व्यवस्थापनको निम्ति काम गर्न त ठोस रिपोर्ट चाहियो नि । त्यो ठोस रिपोर्ट विपत व्यवस्थापन समितिले निर्णय गरेर आउनुपर्नेमा विपत व्यवस्थापन समितिले निर्णय गर्न सकिराख्या छैन मैले यहाँ जानकारी गराउन चाहे । मैले सबै माननीय सदस्यहरुले त्यसमा सहयोग गरिदिनुपर्छ आ आफ्नो जिल्लामा सहयोग गरिदिनुपर्छ भनेर म अनुरोध गर्न चाहान्छु । यो मैले यहाँ सुनाउन लागिराखेको रिपोर्ट प्रहरी प्रशासन मार्फत प्राप्त भाको रिपोर्ट हो मैले मागेर लिएको हुँ । तर विपत व्यवस्थापन समितिबाट यो निर्णय भएर आइराख्या छैन । मैले सोध्दा के छ भने देखि त्यसमा फरक फरक रिपोर्ट आयो पालिका मार्फत आउने रिपोर्ट र प्रहरी प्रशासनबाट आउने रिपोर्टमा तालमेल मिलिराछैन भन्ने नै छ तैपनि मैले यहाँ प्रहरी प्रशासनबाट प्राप्त भाको रिपोर्ट नै सुनाउन चाहान्छु । यसमा घर क्षति कास्कीमा २५, लमजुङमा २४४, म्याग्दीमा ७५८, स्याङजामा ४८, तनहुँमा ५७, मुस्ताङमा २, गोरखामा ५६, पर्वतमा ४०, नवलपरासी पूर्वमा ६, मनाङमा छैन,

वाग्लुङमा १८१ गरेर १४१७ घर क्षति भनेर आको छ यो पूर्ण क्षतिको रुपमा यो आको छ । यो सबै खालका घर, गोठ अब देखि लिएर सरकारी भवनको पनि छ सरकारी भवनमा ७ वटा पूर्ण क्षति छन । यसमा स्याङजामा एउटा स्कुल स्कुलको कुरा गरे मैले गोरखामा एउटा सरकारी भवन र एउटा स्कुल, मनाङमा एउटा सरकारी भवन क्षति भको भन्ने आछ । वाग्लुङमा ५ वटा सरकारी भवन र दुइटा स्कुल, नवलपरासीपूर्वमा ७ वटा सवारी साधन भन्ने कुरा आछ सरकारी भवन र स्कुलको कुरा गर्दा खेरी सरकारी भवन ७ र स्कुल पनि ७ वटा क्षति भएको आछ र यसको टोटल क्षति कति भयो त गण्डकी प्रदेशमा भन्दा १ अर्व ५४ करोड २५ लाख ४ सय रुपैया बरावरको क्षति भयो भनेर हाम्रो प्रहरी प्रशासन मार्फत आको रिपोर्टमा यस्तो रिपोर्ट छ । र मैले यलाई फेरी दोहोराउन चाहे विपत व्यवस्थापन समितिले प्रदेश सरकारलाई मात्रै होइन संघ सरकारलाई पनि त्यहाँको विपतको व्यवस्थापनको निम्ति अर्थात अब हाम्ले उद्धार र तत्कालिन राहतको काम संपन्न गरेका छौ । बेपत्ताको खोजको कार्य जारी नै छ मैले अघि भने किनभने २४ जना अझै बेपत्ता हुनुहुन्छ । त्यसकारणले उहाँहरुको खोजी जारी छ । यो बाहेक अब हामी उद्धार र तात्कालिन राहतको कुरा तात्कालिन व्यवस्थापनको कुरामा नभएर अव पुर्नस्थापना र पुर्ननिर्माणको चरणमा प्रवेश गरिसक्याछौ । अब पुर्नस्थापना र पुर्ननिर्माणको चरणमा प्रवेश गर्ने भनेको के हो त भन्दा अब यो घर क्षतिलाई पहिचान गरेर अब उहाँहरुको तात्कालिन व्यवस्थापन त भयो र उहाँहरुलाई कम्तिमा नि अब अस्थाई टहरा अर्थात अस्थाई घर निर्माण गर्नुपर्ने र अब थाई घरहरुको निर्माणको क्रममा घर अगाडि बढाउनु पर्ने हो अब त्यो प्रक्रिया अगाडि बढाउनु जरुरी छ । यसको निम्ति केहि समस्याको बारेमा राखे र अर्को कुरा यो जोखिम क्षेत्र अब ती बस्तीहरु कति जोखिम छन घर बनाउन हुन्छ कि हुँदैन भन्ने बारेमा त्यसको अध्ययन गर्नको निम्ति प्रदेश सरकारले यो खानी तथा भुगर्व विभागलाई लेखेर पनि पठाको छ र हाम्ले फोन संपर्क मार्फत पनि अनुरोध गरिराखेका छौ र यस अनुसार पर्वतमा त्यो दुर्लुङको त्यसको पनि अध्ययन गरेको लमजुङमा पनि खानी तथा भुगर्व विभागले गएर अध्ययन गरेको अब

म्याग्दी र वाग्लुङमा अब छिटै त्यसको अध्ययनको निम्ति आउने भन्ने कुरा भाको छ । तर पनि हामीले मैले अगाडि पनि राख्याथे तेले मात्रै पुग्दैन प्रदेश सरकारले पनि एउटा टीम बनाएर भुगर्व अध्ययन टीम बनाएर जोखिम क्षेत्रको पहिचान गर्नको निम्ति र स्थानान्तरण कहाँ गर्ने हो त्यो ठाउँको पनि पहिचान गर्न जरुरी छ कति सुरक्षित छ भन्ने कुरा पनि आउनुपर्छ भनेर एउटा टीम बनाएर अध्ययनको निम्ति पठाउने हाम्ले कुरा गरिराख्याछौ टीम गठन भैसक्या छैन प्रदेशको । हामीले केन्द्र त्यो खानी तथा भुगर्व विभाग सँग समन्वय गरिराख्याछौ यस विषयमा पनि । र यस सन्दभमा जग्गाको व्यवस्थापन हामीले फिल्डमै गएर यो स्थानिय तहले गर्नुपर्छ बस्ती त स्थान्तरण गर्ने कहाँ गर्ने भन्ने कुरा त्यो ठाउँको तय गर्ने कुरा स्थानिय तहले गर्नुपर्छ र त्यहाँ आवास निर्माण गर्ने कुरामा संघ सरकारसँग हामी नै समन्वय गर्छौ संघ सरकार र प्रदेश सरकार भएर त्यहाँ थाई आवास निर्माणको प्रक्रिया हामी अगाडि बढाउछौ भनेर यो विश्वास दिलाएर पनि ठाउँहरुमा गएर पनि हामी आएका छौ । र मैले यहाँ अर्को कुरा पनि भन्न चाहे यो भन्दा अगाडिको जवाफमा हाम्रो विपत व्यवस्थापन नियमावलीको बारेमा मैले भन्याथे त्यहाँ राहतका कुराहरु तात्कालिन राहतको निम्ति १५ हजार त्यो तात्कालिन व्यवस्थापनको निम्ति हो । अस्थाई घर टहरा निर्माण गर्नको निम्ति २५ हजार, अब थाई घर नै बनाउने हो भने संघ सरकारले १ लाख दिंदा प्रदेश सरकारले पनि १ लाख तर बस्ती नै स्थान्तरण गरेर एकिकृत बस्ती निर्माणको अवधारणा अनुसार बस्ती बसाउने अथवा बस्ती निर्माण गर्ने हो र त्यहाँ जोखिम क्षेत्रबाट त्यहाँ स्थान्तरण गर्ने हो भने देखि भुकम्पको मापदण्ड अनुसार शहरी विकास मन्त्रालयबाट गर्ने भनेर संघ सरकारले भन्याछ त्यो भनेको ३ लाख दिने भन्या हो । त्यसको निम्ति आवश्यक रकम प्रदेश सरकारले दिन सक्छ भनेर हाम्ले नियमावलीमा राखेका छौ । यस संर्दभमा यस सम्मानित सदन समक्ष मैले स्पष्ट गर्नुपर्ने हुन्छ यो कुरा यहाँ लेखिया हुनाले यो सबै पाइन्छ र सबै दिनुपर्छ भनेर बुझ्नु हुँदैन । यसलाई स्पष्ट गर्न जरुरी छ । मैले ती क्षेत्रहरुमा विपती जहाँ जहाँ आए अथवा विपत्तिबाट आक्रान्त क्षेत्रहरुमा पुगेर त्यहाँ के भने भन्दाखेरी १५

हजारको तात्कालिन राहतको कुरा भइसक्यो भने तर हामीले पैसा त देयाथिएनम् हामीले के भन्यौ भने स्थानिय तहले गर्यो, विभिन्न संघ संस्थाले गर्यो, प्रदेश सरकार पनि केहि सामान बोकेर आयो यसरी यो १५ हजारको काम संपन्न भा छ । त्यसैले यो १५ हजारै माग्ने काम नगर्नुस् बरु अस्थाई टहराको निम्ति २५ हजार माग्नुस् थाई घर निर्माणको निम्ति १ लाख माग्नुुस् त्यो स्थानिय तह मार्फत स्थानिय तहले व्यवस्थापन गरेर स्थानिय तहको समन्वयमा विपत व्यवस्थापन समितिको अध्यक्ष त प्रमुख जिल्ला अधिकारी हुने हुनाले त्यो मार्फत आओस् हामी गर्न तयार छौ भनेर भनिएको छ यो विषयमा स्पष्ट पार्न जरुरी छ भन्ने लायो किनभने यो दोहोरा तेहोरो नहोस् भनेर अव खासगरी तात्कालिन व्यवस्थापनको संर्दभमा असाध्य दोहोरो तेहोरो हुने गरेको छ । सामाजिक हुन त हाम्ले एकद्धार प्रणालीबाट गर्नुपर्छ भन्यौ तर पनि यो दोहोरो तेहोरो बन्न पुग्दो रहेछ त्यसकारण यलाई कन्टेल गर्नको निमित्त हामीले त्यसरी भनेका हौ मैले यस सन्र्दभमा यति भने र अहिले हामी पुर्नस्थापन र पुननिर्माणको चरणमा छौ यसको निम्ति केहि अप्ठ्यारा त छन कठिनाईहरु त छन यस सन्र्दभमा हामी सबैले सहयोग गर्नुपर्छ भन्ने कुरा राख्न चाहे । र अब रह्यो यहाँ कुरा उठे विभिन्न ठाउँमा अझै पनि राहत पाहा छैनन् भन्ने कुरा उठे । म्याग्दीको सन्र्दभमा पनि पाह छैनन् । वाग्लुङमा पनि त्यो पछिल्लो वाग्लुङको घटनामा पनि धेरैले पाहा छैनन् भन्ने कुरा उठ्नु स्वभाविकै कुरा हो । म्याग्दीको सन्र्दभमा त्यहाँ अब अलि ढिला भएको हो । महसुस गर्नुपर्छ । कुरा के रह्यो भने बाटो घाटोको अभाव सबैलाई एकै ठाउँमा केन्द्रित गर्न पनि अप्ठ्यारो स्थिति र मैले त्यहाँ जिल्लामा समन्वय गरिरहे । र अब यहि आउने हप्ता म्याग्दीमा पनि वाग्लुङ पनि ती बाँकी रहेका सबै परिवारलाई जो जो छन उनका फेरि त्यहाँ तेही परिवारको अब मान्छे त उपस्थित हुनु पर्यो कतिपयको अहिले पनि बाहिर रहेको ४।५ घरको त अझै पनि आइपुग्नु भा छैन भनेर म्याग्दीबाट पनि भनिरहनु भाथ्यो वाग्लुङ पनि थिति त्यस्तै छ । त्यसैले आगामी हप्ता त्यो म्याग्दी, वाग्लुङमा गएर यसको वितरण गर्ने कुरा त्यहाँ तय भइसकेको छ । र सबै जिल्लामा कतिपय ठाउँमा जस्तो अब वाग्लुङमा त राहत

बोकेर गएर पनि फर्केर आको हो । त्यस्तो थिति बन्यो त्यतिबेला उहाँहरु उपस्थितै हुन सक्नु भएन । त्यसकारण हामी फर्केर आयौ मुख्यमन्त्री र म समेत राहत वितरण गर्न भनेर गाथ्यौ हामी फर्केर आइयो र अब छिटै गएर तेलाई वितरण गर्नेछौ । अरु जिल्लाहरुमा फेट्ट फुट्ट बाँकी छन त्यस्ता ठाउँहरुमा पनि हामी यो आगामी हप्ता नै मैले यो महिना पनि भन्दिन आगामी हप्तामा सबै ठाउँमा पुगेर यो राहत त्यो ५० हजारको दरले प्रदेश सरकारले दिने राहत वितरण गरेर आउने छु यो प्रतिबद्धता मैले यो सदन समक्ष गरिमामय सदन समक्ष प्रतिबद्धता जाहेर गरे । अब अर्को मैले स्पष्ट पार्न पर्ने सडक पुल नहर सरकारी संरचना यी आदिको कुरामा हामीले विपत् व्यवस्थापन समिति त्यो कार्यकारी समितिको बैठक बसेर अलिकति अलमल थियो त्यो अलमललाई क्लियर गरिसक्याथ्यौ तेलाई स्पष्ट पारिसक्याथ्यौ अगाडि पनि यो भन्याथे र पनि अझै स्पष्ट भएनछकि भन्ने लाग्छ र यो सडक, पुल, पुलेसा यी आदिको निम्ति भौतिक पुर्वाधार मन्त्रालय मार्फत त्यहाँ मर्मत शीर्षक बाट अहिले छुट्टै शीर्षकको व्यवस्था भएन त्यो मर्मत शीर्षकबाट नै तेलाई संवोधन गर्ने मर्मत शीर्षकमा कम भएको पैसाले त पुग्दैन त्यो रकमले त पुग्दैन त्यसकारण त्यसको निम्ति थप रकम अर्थमन्त्रालयसँग माग गर्ने भनेर त्यहाँ निर्णय भाछ । त्यसरी नै अब गोठ गाई गोठ विभिन्न गोठहरु अनि चौपायाहरु बालीनाली आदिको सन्न्दभमा हाम्रो कृषि मन्त्रालयबाटै गत वर्ष त त्यो कृषि सेवा टेवा कार्यक्रम मार्फत नै संवोधन गर्नु भाथ्यो त्यसरी नै अब संभव भए जति अब त्यहाँबाट संवोधन गर्ने भन्ने कुरा हाम्ले त्यति बेला नै निर्णय गर्याछौ । यति कुरा मैले जानकारी गराएर अलिकति अरु यो अवसरमा अरु पनि केहि जानकारी गराउँ जहाँ अब हाम्रो मन्त्रालय जोडिएको छ यो सन्न्दभमा कोभिडको टोटल संख्या मात्र सुनाउँछु हिजो बिहानसम्मको रिपोर्ट हो यो यसमा गण्डकी प्रदेशमा ३ हजार ९ सय २१ संक्रमित, निको भई फिर्ता भएको २६८८, उपचाररत अहिले पनि आइसुलेशनमा १२ सय अहिले यो भन्दा अलिकति संख्या बढ्याछ र मृत्यु भएको ३३ । अब यो रिपोर्ट राख्न चाहे हामीले यो संर्दभमा पनि जिल्लाहरुलाई के भनेका छौ भनेदेखि यो संख्या बढ्न सक्छ त्यसकारण त्यसलाई म्यानेज गर्न सकिने गरी

आइसोलेशनको व्यवस्था गर्नको निम्ति भनेका छौ र त्यसरी व्यवस्थापन गरिएका आइसोलेशनको खर्च प्रदेश सरकारले व्यहोर्ने कुरा हामले उहाँहरुलाई जानकारी गरेका छौ र त्यसको निम्ति अहिले सम्म खर्च भएको पनि माग्न र त्यस्तो व्यवस्थापन गरिराख्न पनि हाम्ले निर्देशन गरेका छौ । यसै सन्र्दभमा यो खासगरी भारतबाट आएका र तेश्रो मुलुकहरुबाट आएकाहरुको संख्या बारेमा पनि म जानकारी गराउन चाहान्छु र यहाँ स्पष्ट पनि अर्को के गर्न चाहान्छु भन्दाखेरी खासगरी तेश्रो मुलुकबाट आएका हुनत त्यहाँ बीचबाट भारतबाट आएकाहरु पनि आउने गर्नुभो र हामीले यो पोखरा रंगशालामा होल्डीङ् सेन्टर राख्याथ्यौ काठमाडौबाट आउनेहरुलाई सिधै त्यहाँ होल्डीङ् सेन्टरमा ल्याउने होल्डीङ् सेन्टरबाट कुन जिल्लाको हो गाडीबाट व्यवस्थापन मिलाएर जिल्ला सदरमुकाम सम्म पठाउने, गोरखा र लमजुङ, मनाङको हकमा त्यो आँवुखैरेनीबाट गोरखाको र लमजुङको हकमा डुम्रेबाटै त्यहाँ पनि सानो सानो होल्डीङ् सेन्टर बनाएर त्यहीबाट उहाँहरुलाई जिल्लाले रिसिव गथ्र्यो र हामीले यो पोखरामा आएकालाई पोखराबाट उहाँहरुको व्यवस्थापन गर्ने गर्थ्यौं । र अस्तिदेखि हामीले त्यो होल्डीङ् सेन्टर हटाइदिएका छौ किनभने गाढी चल्यो अब सिधै सिधै जान सक्नुहुन्छ । यसकारण होल्डीङ् सेन्टर हटायौ तर होल्डीङ सेन्टर चलाइ राख्दासम्मको हाम्रो रिपोर्ट के छ भन्दा यो अवधिको तेश्रो मुलुकबाट ८८३० जना आउनु भयो । र भारतबाट १५८०२ यहाँ प्रवेश गर्नुभयो । यले के गर्दछ त भन्दाखेरी खासगरी भारतबाट आका तेश्रो मुलुकबाट आएकाहरुको पीसीआर टेस्ट गराउने कुरा र यदि उहाँहरुमा संक्रमण देखा परिहाल्यो भने कन्टयाक्ट ट्ेसिङ्बाट त्यसलाई उहाँहरुको टेस्ट गर्ने कुरा उहाँहरु संक्रमित हुनुहुन्छ कि हुनुहुन्न भनेर अब त्यस बारे निष्कर्षमा पुग्ने काम गर्नको निम्ति यले पनि केहि सजिलो बनाथ्यो रिपोर्टले हामीले यसरी काम गर्याथ्यौ भन्ने कुरा राख्न चाहे । र अब भनेरै जाँदा अब अर्को पनि जानकारी गराउँ अब यो वर्षको त ल्याइन यो वर्ष यहाँ माननीय सदस्यहरुले खासगरी आत्महत्याको केश बढ्यो भन्नी कुरा गरिराखु भाछ त्यो म अर्को पटक ल्याउला । तर गत वर्षको ०७६।७७ को रिपोर्ट के छ भन्ने कुरा यहाँ राख्न चाहे । यसमा

अलिकति तुलना गरेर ०७५।७६ सित मात्रै तुलना गर्छु ०७५।७६ र ०७६।७७ मा ज्यान संवन्धि मुद्धा ज्यान संवन्धि अपराध कति भयो त भन्दा ०७५।७६ मा ६२६, ०७६।७७ मा ६५७ यो अलि बढ्याछ । आत्महत्या संवन्धि ०७५।७६ मा ६३१, ०७६।७७मा ५८८ यो अलि घट्या देखियो गतवर्षको कुरो । यो अहिले माननीयज्युहरुले पनि भनिराखु भाछ यो बढी राछ भनेर । चोरी संवन्धि ०७५।७६ मा १४३, ०७६।७७ मा १४७ , संगठीत आर्थिक अपराध संवन्धि आदि इत्यादि । यसमा ५१८, ०७५।७६ मा ०७६।७७ मा ६१८, सामाजिक अपराध तर्फ ०७५।७६ मा ९८२, यो गतवर्ष अलि धेरै नै बढ्या रैछ ११९४ , महिला बालवालिका संवन्धि ०७५।७६ मा ४०५, यो अलिकति घट्या रहेछ ०७६।७७ मा ३५६, सवारी संवन्धि २४९, ०७५।७६ मा अहिले १९४, र अन्यमा यो ०७५।७६ मा यो १ मात्रै रहेछ यो अलि बढ्यो भनेर यसरी जम्मा ०७६।७७ मा अपराधिक घटनाहरु केश दर्ता भएको अर्थात यस बारेमा अनुसन्धान भएको ३७७९, तर ०७५।७६ मा चाहि त्यो ३५५५ मात्र थियो । यो पनि मैले यहाँ जानकारी गरा र यस बारेमा पनि यो पछिल्लो चरणमा उठेका सन्‍त्रदभमा म फेरि जवाफ दिने नै छु । यति कुरा राखेर अब यो एउटा समस्या छ हामीले के गर्ने गर्याछौ भन्दाखेरी भन्दा त सरकारलाई नै आउछ यो कुरो सरकारले नै जिम्मा लिने जवाफ दिने कुरा हो हामी सबै जवाफदेही बन्नपर्छ । हामी अब भदौ अहिले त असोजै भइहाल्यो अब क्रमशः यस्ता विपत्का घटनाहरु हुन्छन भन्ने कुरा विर्सदै जाने बेला भयो अब विर्सन थाल्छौ के विस्तारै विस्तारै विर्सदै जाने अनि बजेट बनाउने बेलामा पुरै विर्सने अनि बजेट सकिने बित्तिकै विपतको घटनाले झ्याप्पै चेप्ने यो बन्ने गर्याछ यसकारण अब हामी सबै यस बारेमा सचेत भइरहन सजग भइरहन जरुरी छ यति कुरा राखेर विदा हुन चाहान्छु । धन्यवाद ।

माननीय सभामुखज्यु,

माननीय सदस्यहरु, अब म माननीय भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई प्रदेश कृषि व्यवसाय प्रवद्र्धन संवन्धि व्यवस्था गर्न बनेको विधयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरज्यु,

माननीय सभामुख महोदय, माननीय सभामुखज्युको अनुमतिले कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादत्व वृद्धि गर्न तथा स्वस्थ र स्वच्छ कृषि उपजको उपलब्धता सुनिश्चिता गरी खाध्य सुरक्षाको प्रत्याभुत गर्न गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रबद्र्धन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वान्छनीय देखिएको हुँदा प्रस्तुत प्रदेश कृषि व्यवसाय प्रवद्र्धन संवन्धि व्यवस्था गर्न बनेको विधयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । लेख बहादुर थापा मगर, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री । धन्यवाद ।

माननीय सभामुखज्यू,

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल असोज १८ गते दिनको १◌:०० बजे सम्मको लागि स्थगित हुन्छ ।